मितिः २०८२/१२/२९

समयः दिन ११.०० बजे

स्थानः नागार्जुन नगरपालिकाको सभाहल

नागार्जुन नगरपालिकाका का.वा. नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा नागार्जुन नगरपालिकाको आ.व. २०८२/०८३ को नगर सभा, बाह्रौं अधिवेशनको उदघाटन सत्रको बैठक देहायका नगर सभाका सदस्यज्यूहरूको उपस्थितीमा बसी निम्न बमोजिमको छलफल गरियो ।

तपसिलः

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | का.वा. नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री लक्ष्मी राम शर्मा (पौडेल) | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री देवेन्द्र राज गिरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं. ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १० | श्री राम कृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं. ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं. १० | |
| १२ | श्री शोभा नेपाली | कार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | कार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | कार्यपालिका सदस्य | कल्पना |
| १५ | श्री हम्जुला राई | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री अम्बिका सुनचिउरी गजमेर | कार्यपालिका सदस्य | Ambika |
| १८ | श्री रमेश बसेल | कार्यपालिका सदस्य | |
| १९ | श्री सान्ता लामा | नगर सभा सदस्य | |
| २० | श्री सविता सुनार | नगर सभा सदस्य | |

CamScanner

## निर्णयहरू:-

### निर्णय नं. १

नागार्जुन नगरपालिकाको एघारौं नगर सभा पश्चात् चालु आ.व. २०८२/०८३ को श्रावण महिना देखि २०८२ चैत्र २९ गते सम्म भएका नगर कार्यपालिकाको निर्णय, नगर कार्यपालिकाको कार्यालयबाट भएको सम्पूर्ण आम्दानी, खर्च, रकमान्तर तथा योजना तथा कार्यक्रमहरूको म्याद थप लगायत सोसँग सम्बन्धित सबै नीति तथा निर्णयहरूलाई अनुमोदन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि जग्गाको खरिद बिक्रीमा रजिष्ट्रेशन प्रयोजनको लागि न्यूनतम मूल्यांकन तोक्ने मिति २०८२ साल असार २५ गते भएको निर्णयमा यस नगरपालिकाको त्रुटीपूर्ण सिफारीसका कारण कायम भएको न्यूनतम मूल्यांकनले तपसिल बमोजिमका क्षेत्रमा सम्पत्ति कर तथा रजिष्ट्रेशन दस्तुरमा प्रत्यक्ष प्रभाव परी नागरिकहरूबाट ठुलो गुनासो आएको सन्दर्भमा यस नगरपालिकाको मिति २०८२/०७/१६ गतेको पत्रबाट मालपोत कार्यालय, कलंकीलाई जग्गाको न्यूनतम मालपोत मूल्यांकन संशोधन गर्नको लागि नगर प्रमुखस्तरबाट भएको निम्न बमोजिमको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:-

| क. नागार्जुन न.पा. (साविक स्युचाटार गा.वि.स.) | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | प्रति आना रु ०८१/८२ | प्रति आना रु ०८२/८३ | प्रति आना रु ०८२/८३ को हुनुपर्ने (प्रस्तावित) |
| १ | स्यूचाटार हालको वडा नं. ९ र १० मुल सडक | १५00000 | १८00000 | १७00000 |
| २ | पक्की सडक | १२00000 | १५00000 | १४00000 |
| ३ | कच्ची सडक | ६५0000 | १000000 | ८00000 |
| ४ | गोरेटो बाटो | ४00000 | ६00000 | ५00000 |
| ५ | बाटो नभएको | २00000 | ३00000 | २५0000 |

| ग. नागार्जुन न.पा. (साविक डाडापौवा-रामकोट गा.वि.स.) | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | प्रति आना रु ०८१/८२ | प्रति आना रु ०८२/८३ | प्रति आना रु ०८२/८३ को हुनुपर्ने (प्रस्तावित) |
| १ | सितापाईला भिमढुगां मुल सडकको रामकोट खण्ड | १२000000 | १८00000 | १३५0000 |
| २ | वडा नं. ७ सीमाना कृष्ण मन्दिर देखि नर्सरी भञ्याङ्ग मुल सडक | | १४00000 | १२00000 |
| ३ | पक्की सडक | ७५0000 | १000000 | ८00000 |
| ४ | कच्ची सडक | ५५0000 | ८00000 | ६00000 |
| ५ | गोरेटो बाटो | ३५0000 | ५00000 | ४00000 |
| ६ | बाटो नभएको | १५0000 | ३00000 | १८0000 |

| घ. नागार्जुन न.पा. (साविक भिमढुंगा गा.वि.स.) | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | प्रति आना रु ०८१/८२ | प्रति आना रु ०८२/८३ | प्रति आना रु ०८२/८३ को हुनुपर्ने (प्रस्तावित) |
| १ | सितापाईला भिमढुगां धादिङ्ग जाने मुल सडक भिमढुगां बसपार्क सम्म | ११५०००० | ११५०००० | १२००००० |

| साविक इचगु वडा नं. ४,५,६,७,८ र ९ को | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | प्रति आना रु ०८१/८२ | प्रति आना रु ०८२/८३ | प्रति आना रु ०८२/८३ को हुनुपर्ने (प्रस्तावित) |
| १ | पक्की सडक | १५००००० | १८००००० | १७००००० |
| २ | कच्ची सडक | १०००००० | १३००००० | १२००००० |
| ३ | गोरेटो बाटो | ७००००० | १०००००० | ८००००० |
| ४ | बाटो नभएको | ४००००० | ६००००० | ४५०००० |

**निर्णय नं. ३**

नागार्जुन नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकामा प्रकाशित जम्मा बजेट रू.२,३९,७१,६८,०००/- मध्ये प्रचलित कानून बमोजिम सार्वजनिक वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम २५ प्रतिशतको सिमाभित्र रही वडा कार्यालयको सिफारीसको आधारमा संलग्न सूची बमोजिमका योजनाहरूमा रकमान्तर गर्ने निर्णय गरियो । साथै एघारौं नगर सभाबाट स्वीकृत भएका संलग्न म.ले.प.फाराम नं. ३०४ बमोजिमका (सूची बेग्लै रहेको) योजना तथा कार्यक्रमहरू संलग्न म.ले.प.फाराम नं. ३०४ को सूचीमा रहेका योजना तथा कार्यक्रममा संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्नको लागि पेश भए बमोजिम संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्न पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नागार्जुन नगरपालिकाको आ.व. २०८३/०८४ को लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को प्रयोजनार्थ राजश्व परामर्श समितिको मिति २०८१/०९/२० मा भएको निर्णय बमोजिम सिफारीस भएको आगामी आ.व. २०८३/०८४ को लागि प्रस्तावित निम्न बमोजिमको अनुमानित आय व्यय प्रक्षेपण मिति २०८२ साल पौष मसान्त भित्र नै श्री अर्थ मन्त्रालय एवम् राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमा पठाईएकोले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner